जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ७६ पृष्ठः ४ | २०८२ असार २६ गते बिहीबार (Thursday 10 July 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## स्थानीयवासीले चन्दा संकलन गरेर बनाए प्रहरी चौकीको भवन



सिरहा, २५ असार। लहान नगरपालिका-१३ पक्कीटोलमा स्थानीयवासिन्दाले चन्दा संकलन गरेर निर्माण गरेको कार्यालय भवन प्रहरीलाई हस्तान्तरण गरेका छन्। बुधबार मधेस प्रदेशका प्रमुख डीआईजी उमाप्रसाद चर्तुवेदीलाई निर्माण समितिका अध्यक्ष अश्विन कुमार राउतले कार्यालय भवनको साँचो बुझाएका हुन्। स्थानीयहरुले चन्दा संकलन गरेर जग्गा खरिद गरी अस्थायी प्रहरी चौकीको भवन निर्माण गरेर हस्तान्तरण गर्न पाउँदा खुसी लागेको अध्यक्ष राउतले बताए।

लहान नगरपालिका मेयर महेश चौधरीले शान्ति सुरक्षा कायम गर्न स्थानीयले चन्दा संकलन गरेर भवन निर्माण गरेर नमुना कार्य गरेको बताए। लहान नगरपालिकाले पनि भवन निर्माण गर्नका लागि दुई लाख सहयोग गरेको उनले जानकारी दिए। मधेश प्रदेशका प्रहरी प्रमुख डीआईजी चतुर्वेदीले आफू इलाका प्रहरी कार्यालय लहानको प्रहरी नायब उपरीक्षक र जिल्ला प्रहरी प्रमुख भएर आउँदा सामाजिक अपराध र शान्ति सुरक्षा कायम गर्न पहल गरेको स्मरण गरे।
कार्यक्रममा चन्दादाताहरूलाई सम्मान गरिएको हो।

## ससुराको हत्या आरोपमा ज्वाइँ पक्राउ

**विजयकुमार साह**

जनकपुर, २५ असार। धनुषाको जनकपुरधाम उपमहानगरपालिका-१५, कुवारामपुरमा चक्कु प्रहार गरी ससुराको हत्या गरेको आरोपमा ज्वाइँ पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय धनुषाले ६५ वर्षीय वासुदेवप्रसाद साहको हत्या अभियोगमा उहाँका ५५ वर्षीय ज्वाइँ बेचन महासेठलाई पक्राउ परेका हुन्। प्रहरीका अनुसार असार १८ गते साँझ साहकै घरमा घरायसी विवादका क्रममा महासेठले चक्कु प्रहार गरी हत्या गरेका थिए।

घटनापछि फरार रहेका अभियुक्तलाई जिल्ला प्रहरी कार्यालय धनुषाको टोलीले जनकनन्दनी गाउँपालिकास्थित खजुरी रेल्वे स्टेशनबाट पक्राउ गरेको हो। जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक नरहरि रेग्मीले मृतककी श्रीमती शैलदेवीले दिएको किटानी जाहेरीका आधारमा अनुसन्धान अघि बढाइएको बताए। उनका अनुसार हत्या अभियोगमा पक्राउ परेका महासेठलाई कर्तव्य ज्यान मुद्दामा

-बाँकी अन्तिम पेजमा


## जग्गा रजिस्ट्रेसन नहुँदा अस्पताल समस्यामा




**जीवछ यादव**

सिरहा, २५ असार। लहानस्थित रामकुमार उमाप्रसाद स्मारक प्रादेशिक अस्पतालको जग्गा रजिस्ट्रेसन प्रक्रिया अगाडि नबढ्दा समस्या परेको छ। ५० वर्षअगाडि एक बिघा १५ कट्ठा जग्गा अस्पताललाई दान गरेको र त्यही जग्गामा मुरारका र सारडा परिवारले अस्पतालसमेत निर्माण गरिदिए पनि जग्गा अहिलेसम्म रजिस्ट्रेसन नभएकाले सघ र प्रदेशबाट भौतिक निर्माणका लागि आउने बजेट पनि

-बाँकी तीन पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## प्राविधिक शिक्षा र व्यावसायिक तालिम प्राप्त गरौं।

- इलेक्ट्रिसियन, प्लम्बिङ्ग, कम्प्युटर अपरेटिङ्ग, सिलाई कटाई, मोबाइल मर्मत, कुकिंग एण्ड हस्पिटालिटी, कृषि, तथा पशुपालन जस्ता प्राविधिक ज्ञान प्राप्त गरौं।
- स्वरोजगार बनौं,
- कम लागतमा उच्च परिणाम हासिल गरौं,
- आत्मनिर्भर र उद्यमशील बनौं,
- देशमै रोजगारीको अवसर प्राप्त गरौं,

**"जीवनस्तरमा सुधार गरौं "**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**Coming Soon**

**सूचना !** **सूचना !!** **सूचना !!!**

Your gateway to study and work in Japan

**MAA DHAMINI SAGAR INSTITUTE & CONSULTANCY**
Golbazar-06, Siraha (सिद्धार्थ बैंकको छेउमा)
Contact No. 9701032488, 9842826874
+819054858895



**Special Features:**
1. Study Master's in IT (English Medium in Japan)
2. Bachelor's Degree Holders in Any Subject Can Apply
3. +2 (12th Grade) Graduates from Any Stream Eligible
4. No Educational Requirement for Working Visa Application



**Course Start Date : 25 June 25, 2025**
**Apply Now for April 2026 in take**
**Special Offer: No the First 20 student!**
Contact Us: 9842826874, 9817705722
Whatsapp/Line : +81-90-5485-8895

# सम्पादकीय

## नाका सञ्चालन गर्न तदारुकता आवश्यक

क्षतिको प्रकृति हेर्दा नेपालतर्फ भौतिक संरचना निर्माणका बेला पर्याप्त जोखिम मूल्याङ्कन र सावधानी नभएको सन्देह उब्जने हुनाले त्यस क्रममा भएका कमी कमजोरीको पनि अध्ययन गरियोस् । भोटेकोसीमा मंगलवार बिहान आएको बाढीले नेपाल र चीन जोड्ने पुलका साथै रसुवागढी नाकामा बनाइएका भौतिक संरचना बगाएको छ। बाढीमा परी १९ जना हराएका छन् भने भोटेकोसी हुँदै त्रिशूली र नारायणी नदीसम्म पनि खोजी कार्य जारी छ। नेपालको पहाडी भेगमा विनाशकारी बाढीको प्रकोप नौलो होइन । तर, केही वर्ष यता भने अकल्पनीय बाढी र पहिरोले बढी नै विध्वंश मच्चाउन थालेको छ। फलस्वरूप, भौतिक पूर्वाधार निर्माण थप चुनौतीपूर्ण बन्न पुगेको देखिन्छ।

चीनको तिब्बतमा पर्ने एउटा खोलामा आएको बाढी भोटेकोसीमा थपिएपछि रसुवागढी नाकामा ताण्डव मच्चिएको हो। विसं २०७२ को भूकम्पमा तातोपानी नाका बन्द भएपछि रसुवागढी चीनसँगको मुख्य व्यापारिक नाका बन्न पुगेको थियो।

रसुवागढी नाकाको पुललगायतका संरचना ध्वस्त भएपछि त्यस नाकाबाट हुने आयात निर्यातलगायत सबै गतिविधि बन्द हुन पुगेको छ। यसले विशेषगरी काठमाडौंलगायत पहाडी भेगको आगामी दसैंको व्यापारमा पनि प्रतिकूल प्रभाव पर्ने निश्चितै देखिन्छ।

अझै पनि बाढीको कारण थाहा हुनसकेको छैन। विज्ञहरूका अनुसार बाढी आउनुपूर्व त्यस भेगमा भारी वर्षा भएको पनि देखिँदैन। कुनै हिमताल फुटेका कारण अकस्मात बाढी आएको अनुमान केही विज्ञले गरे पनि थप अध्ययनविना बाढीको खास कारण किटान गर्न नसकिने देखिन्छ। चीनबाट बाढीको अग्रिम चेतावनी पनि आएको देखिएन। सम्भवतः चीनतर्फ यस बाढीबाट नेपालमा जस्तो धेरै क्षति पनि भएको छैन। चिनियाँ भूभाग हुँदै धेरै नदीहरू नेपाल प्रवेश गर्ने हुनाले दुई देशबीच मौसम सूचना आदान प्रदान हुनु निकै महत्त्वपूर्ण रहेको यस घटनाले पनि पुष्टि गरेको छ।

बाढीले गरेको क्षतिको प्रकृति हेर्दा नेपालतर्फ भौतिक संरचना निर्माण गर्दा पर्याप्त जोखिम मूल्याङ्कन र सावधानी नभएको सन्देह उब्जन्छ। बल मिच्याइँको प्रशासन शैलीका कारण पनि जोखिमको उपेक्षा र अवज्ञा गरिएको हुनसक्छ। यसैले क्षतिको अनुमानसँगै भौतिक संरचना निर्माणमा भएका कमजोरीको पनि अध्ययन गर्नु उचित हुनेछ।

रसुवागढी नाका नेपालका लागि जति चीनका लागि महत्त्वपूर्ण र प्राथमिकताको विषय नबन्न सक्छ। यसैले पुनर्निर्माणका लागि चिनियाँ सहयोग पर्खेर बस्नुको साटो नेपालले आफ्नोतर्फबाट युद्धस्तरमा प्रयत्न गर्नुपर्छ। यद्यपि, चिनियाँ पक्षलाई विश्वासमा लिन र सूचना आदानप्रदान गर्न भने नेपालले कहिल्यै हेलचेक्र्याइँ गर्नु हुँदैन। सङ्कटलाई लुट्ने मौका नबाउनेहरूको सामना गर्दै बाढीको प्रकोपबाट विचलित नभईकन सरकार र स्थानीय तहहरूले उद्धारका साथै पुनर्निर्माणमा पनि उत्तिकै तदाहरुकता देखाउने अपेक्षा गर्नु अन्यथा नहोला। तातोपानी नाकालाई सहजरूपमा सञ्चालन गराउनदेखि अरू विकल्पहरू पनि खोज्न सरकारले अग्रसरता देखाओस्।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# सामूहिक स्वामित्वमा भूव्यवस्थापन

**अमलकिरण ढकाल**

नेपालको राज्यव्यवस्था मुलुकमा सुशासन, सामाजिक न्याय र समृद्धि कायम गर्नेतर्फ दृढ सङ्कल्पित रहेको छ। यसै अनुरूप संस्थागत संरचना तयार गरी राज्यको स्रोतसाधन, जनशक्ति र पुँजी प्रविधिसमेत परिचालित हुँदै आएको पनि छ। मुलुकको राज्यसत्ता आर्थिक आधारको जगमा बन्ने अधिसंरचना भएकाले उत्पादनका साधनको स्वामित्व र सामाजिक सम्बन्ध तदनुकूल व्यवस्थापन हुँदा मात्र अपेक्षित प्रतिफल प्राप्त हुन्छ। उत्पादनका साधनमा सबैभन्दा प्रमुख तत्व भूस्वामित्व नै हो। राष्ट्रिय सम्पत्तिको हिसाबले पनि मुलुकको सबैभन्दा धेरै सम्पत्ति भूमिमै रहेको छ। त्यसैले भूस्वामित्वको सुव्यवस्थापन हुन सके मात्र मुलुक समृद्ध हुने स्पष्ट छ।

सामान्यतः राष्ट्रभित्रको सम्पूर्ण भूमिको अन्तिम स्वामित्व राज्यमा रहने मान्यता हो। राज्यकै व्यवस्थापनमा राष्ट्रभित्रका सम्पूर्ण चल अचल सम्पत्ति सरकारी, सामूहिक र निजी स्वरूपमा रहन सक्ने हो। नेपालमा पनि प्राचीन समयमा सबै भूमि राज्यको अधीनमा रहेको हो। पछि समाज विकासको क्रममा मानव आर्जित वस्तु व्यक्ति विशेषको सम्पत्ति भए झैँ भूमि पनि व्यक्तिको स्वामित्वमा राख्ने चलन सुरु भयो यसले व्यक्तिगत स्वामित्वको महत्व बढ्दै गएपछि राज्य सत्ता, शक्ति र पहुँचमा रहेकाले भूमिमा व्यक्तिगत अधिकार जमाउँदै गए। बिर्ता, गुठी, किपट, जागिर, रकम, खान्गी आदि नाममा राज्यको भूमि व्यक्ति विशेषका नाममा कायम हुँदै गयो। राज्यले पनि भूमिलाई राज्यकोषको मूल स्रोत बनाउन पुग्यो। यस स्थितिमा सबै भूमि निःसर्त राज्यको सार्वजनिक सम्पत्ति भन्न सक्ने अवस्था देखिन्न। त्यसैले भूमि सार्वजनिक स्रोत हुँदाहुँदै पनि भूमिको राष्ट्रियकरण वा सामूहिकीकरण गर्ने कुरा जटिल बहसको विषय बनेको छ।

अर्थशास्त्रीय हिसाबले भन्दा भूमि उत्पादनको प्रमुख साधन एवं पुँजीको स्रोत र अचल सम्पत्ति पनि हो। भूमि माग र आपूर्तिका आधारमा घटाउन बढाउन नसकिने स्थिर स्रोत भए पनि मानव समाजको इतिहासमा वस्तु विनिमय हुँदा वस्तुको उपयोगिता, दुर्लभता, उर्वरता, निश्चितता, स्थिरता आदि गुणका कारण मूल्यको सिर्जना गरिए झैँ भूमिको पनि अन्तर्निहित मूल्य कायम हुँदै आएको हो। समाजमा भूमिको महत्व बढ्दै जाँदा भूमि व्यक्तिको सम्पत्ति मात्र नभई मानव सभ्यता, धर्म, संस्कृति, समृद्धि र सामाजिक जीवनसँग समेत जोडिएकाले बढी संवेदनशील विषय बन्न पुग्यो।

भूमि पृथ्वीको सृष्टिदेखि नै यावत् प्राणीको साझा सम्पत्ति हो। यो कुनै व्यक्ति विशेषले सिर्जना गरेको निजी वस्तु होइन। भूमिबिना हामी रहन नसक्ने भएकाले भूमि हामी सबैको सार्वभौम अधिकार पनि हो। समाज विकासका क्रममा राज्यको निर्माण झैँ सार्वभौमिकता राज्यमा रहने मान्यता स्थापित भएपछि राज्यको सीमाभित्रका भूमिलगायतका प्राकृतिक सम्पदा सो भूभागभित्र बसोबास गर्ने सबैको साझा सम्पत्ति बनाइएको हो। यस हिसाबले नेपालको सिमानाभित्र रहेका हिमाल, पहाड, नदीनाला, तालतलैया, समथर भूभाग र वनजङ्गल सबै साझा सार्वजनिक सम्पत्ति हुन्।

नेपालको संविधान, २०७२ ले पनि भूमिमाथिको सम्पत्तिको हक सुनिश्चित गर्दै प्रत्येक नागरिकलाई सम्पत्ति (चल, अचल) आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक स्थापित गरेको छ। त्यस्तो व्यक्तिगत सम्पत्ति (जग्गा जमिन) सार्वजनिक प्रयोगमा ल्याउनुपर्ने भए राज्यले सम्बन्धित व्यक्तिलाई मुआब्जा दिएर मात्र अधिग्रहण गर्न सकिने व्यवस्था भयो। संविधानको धारा २५ मा उल्लिखित उक्त व्यवस्था रहेसम्म भूमिमाथिको व्यक्ति विशेषको स्वामित्व परिवर्तन गर्न सक्ने अवस्था नदेखिए पनि संवैधानिक व्यवस्था अनुरूप समाजवादको पूर्वाधार तयार गर्ने क्रममा उपधारा (४) बमोजिम राज्यले नीति, नियम र योजना बनाई समुदायस्तरबाट भूमिको वैज्ञानिक व्यवस्थापनको कार्य अघि बढाउन सकिन्छ।

तथ्याङ्कगत हिसाबमा, नेपालको कुल भूमिमध्ये वन बुट्यान हिमाल, पहाड र नदीनालाले ढाकेको करिब ७४ प्रतिशत सरकारी, सार्वजनिक जमिन मात्र सरकारले सहज व्यवस्थापन गर्न सक्ने र बाँकी २६ प्रतिशत आवादी तथा संरचना रहेको जमिनको स्वामित्व परिवर्तन गर्न जटिल देखिन्छ। सरकारले हालै जारी गरेको भूउपयोग नीतिमा भूमिको प्रयोजन अनुसार कृषि, आवास, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी, खोला, ताल, सिमसार, सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्त्विक महत्व र अन्य गरी १० वटा क्षेत्रमा गरिएको वर्गीकरणबाट भूव्यवस्थामा केही सहजता आउन सक्ने देखिन्छ। तथापि जग्गाको स्वामित्वलाई समृद्धिको मूल आधार मानिँदा भूमिबाट उत्पन्न समस्यामा नै राष्ट्रको अत्यधिक जनशक्ति, समय, स्रोतसाधन खर्च हुन गइरहेको देखिन्छ।

भूस्वामित्वकै कारणले गाउँ, घर, समाज, छरछिमेक, बस्ती र अा, अदालतमा झैझमेला बढ्दै गएको र लडाइँ, झगडा, गरिबी, अभाव, शोषण, असमानता, मन्दी, बेरोजगारी, सुकुमवासी जस्ता जटिल समस्या सिर्जना भएको छ। भूमिबाटै बिनाश्रम छिटो सम्पत्ति आर्जन गर्ने दलाल बिचौलियाको चलखेल गर्ने अवसर मिल्नाले राज्य संयन्त्र नै भ्रष्टाचारमा कलङ्कित हुन पुगेको छ। भूमि व्यापारिक वस्तु होइन यो त प्रकृतिको वरदान हो। भूमिलाई किनबेच गर्ने निजी स्वामित्वको वस्तु बनाइनाले समुदायको अत्यधिक ठुलो धन भूमिमै केन्द्रित हुन पुगेको छ। यसबाट एकातिर वस्तु तथा सेवा उत्पादनका लागि आवश्यक स्रोतको उपलब्धता घट्न गई अभाव सिर्जना हुँदा वस्तु तथा सेवाको मूल्य अत्यधिक बढ्दै गएको छ भने अर्कोतिर भूमिको व्यापार सजिलोसँग नाफा आर्जन गर्ने माध्यम बन्नाले समाजका अन्य उद्योग व्यवसायलगायत बौद्धिक एवं श्रममूलक कार्य नराम्रोसँग प्रभावित हुन पुगेका छन्। भूमिको अत्यधिक मूल्यवृद्धिका कारणले प्राकृतिक स्रोतसाधन अधिक दोहन हुनजाँदा पर्यावरण विनाश र आर्थिक मन्दीसमेतको सामना गर्नु परेको छ।

भूमि व्यापारमा नाफाको सिर्जना समाजको मूल्यमा भएको हुन्छ। भूस्वामित्व व्यक्ति विशेषमा रहँदा अरूलाई सो अधिकारमा वञ्चित गरी भएको वृद्धि एकलौटी हुने र समाजलाई त्यसको कुनै हिस्सा बाँड्नुपर्ने स्थिति देखिन्न। यस्तो मूल्यवृद्धिको अवस्था निरन्तर रहँदा सीमित व्यक्तिलाई समुदायको सम्पत्ति एकीकृत गरी बैङ्क तथा वित्तीय क्षेत्रका माध्यमबाट अन्यत्र पलायन गराउन सहज भएको छ। भूमिको व्यापारबाट ग्रामीण क्षेत्रमा राष्ट्रको सग्लो भूमि टुक्रा टुक्रामा खण्डीकरण हुँदै जाँदा कृषि क्षेत्रको उत्पादकत्व घट्दै गएको, जग्गा ओगटी राख्ने प्रवृत्तिले जमिनको प्रभावकारी उपयोग हुन नसकेको, भूमिहीन र अव्यवस्थित बसोबासीको सङ्ख्या बढ्दै गएको अवस्था छ। यसै गरी सहरी क्षेत्रमा निजी स्वामित्वले गर्दा व्यवस्थित बसोबास गराई सेवासुविधा प्रवाह गर्ने कार्य अत्यन्त जटिल र असहज बन्दै गएको छ। सडक, पेटी, ढल, पुल र भवनलगायतका पूर्वाधार बनाई बिजुली, खानेपानी, सरसफाइ, टेलिफोन, चोक, पार्क, मैदान आदि निर्माण व्यवस्थित गर्न कठिन भइरहेको छ।

यिनै पृष्ठभूमिमा, समाजवादी मुलुक र अन्य कतिपय मुलुकमा प्रकृतिप्रदत्त वस्तुका रूपमा भूमिको स्वामित्व सरकारीस्तरमा वा समुदायको मातहतमा रहनु पर्छ भन्ने विषयले महत्व पाउँदै आएको छ। प्राकृतिक सम्पदामा दिइएको निरपेक्ष सम्पत्तिको अधिकारले विश्वभर लाखौँ नागरिकको बसोबास र असुरक्षा बढ्दै गएकाले पनि भूस्वामित्वको अर्थ विचारणीय बन्न पुगेको छ। यसका लागि कानुनी, सामाजिक, आर्थिक तथा सामुदायिक नीति, विश्व परिवेशका अनुभव र सफल हाइब्रिड मोडल उदाहरण हुन सक्छन्। यसरी भूमिको व्यवस्थापन हुँदा खण्डीकृत जग्गाको एकीकरण, व्यवस्थित सहरीकरण तथा आवास बसोबास, उत्पादकत्वमा वृद्धि, पुँजीको उत्पादनशील परिचालन, जग्गाको सहज उपलब्धता, स्रोतको न्यायपूर्ण वितरण, असमानतामा कमी, भूमाफिया बिचौलिया र दलाली नियन्त्रण, आर्थिक सामाजिक लाभको प्रत्यक्ष अनुभूति, समुदायमा सुशासन तथा सद्भाव र आपासी सरसहयोग आदि उपलब्धि हुने देखिन्छ।

मुलुकले समाजवादी व्यवस्थातर्फ जाने प्रतिबद्धता गरिसकेको छ। नेपालको सन्दर्भमा व्यक्तिको निजी प्रयासका घर, मेसिन, कलकारखाना र अन्य चल सम्पत्तिको स्वामित्व सुरक्षित राख्दै प्रकृतिप्रदत्त भूमिको स्वामित्व साझा रहने गरी राष्ट्रिय, सामुदायिक वा संस्थागत स्तरमा व्यवस्थापन गर्नु नै अबको मार्गदिशा हुन सक्छ। यसबाट नै मुलुकमा सुशासन, समृद्धि र सामाजिक न्यायप्राप्तिको बलियो आधार तयार हुने छ। ग्रामीण एवं सहरी क्षेत्रमा सहज बसोबास र सार्वजनिक सेवासुविधा सर्वसुलभ मूल्यमा प्राप्त भई लोककल्याणकारी राज्यको परिकल्पना सार्थक हुने छ।

# मधेशमा २५ प्रतिशत मात्रै रोपाइँ

**रवीन्द्र उप्रेती**

बर्दिबास, २५ असार। वर्षा नहुँदा मधेश प्रदेशमा खडेरीको समस्या बढ्दै गएको छ। मौसम विभागले यो वर्ष औसतभन्दा बढी पानी पर्ने जनाएको थियो। तथापि असार तेश्रो साता बित्न लाग्दासमेत मधेशमा मनसुनको प्रवेश भएको छैन। खुला आकाश, चर्को घाम र उखरमाउलो गर्मीले तत्कालै पानी पर्ने सम्भावना पनि देखिँदैन। वर्षा अभावले मधेशका ७५ प्रतिशत खेतमा रोपाइँ हुन सकेको छैन। बोरिङको सिँचाइले रोपिएका धान पनि चिस्यान अभावले पिल्सिदै गएका छन्। धानका ब्याड पहेँलिएका छन्।

खडेरीले मधेशको उत्तरी भेगदेखि दक्षिणी मैदानसम्म आक्रान्त पारेको छ। सिमावर्ती गाउँपालिका समसी १ पर्सादेवाडका वडाध्यक्ष विपिन यादवले आफ्नो क्षेत्रमा ५ प्रतिशत पनि रोपाइँ नभएको बताउनुभयो। जसले बोरिङबाट रोपेका छन् ती पनि मर्न लागेका छन्। उनले भने, गत वर्ष मैले यो बेलासम्म आफनो २ विग्हा खेतमा रोपाइँ सकेको थिएँ। यसपाला साउन आउन लागिसक्दा पनि खेत वाँझै छन्।

मधेश प्रदेश कृषि निर्देशनालयका अनुसार मधेशमा अहिलेसम्म ५० प्रतिसतजति रोपाइँ भइसक्नु पर्ने थियो। निर्देशनालयका बालि संरक्षण अधिकृत सुदीप चौधरीले असार तेश्रो सतासम्म रोपाइँ भने २५ प्रतिशत मात्र भएको जनाए। सबैभन्दा बढी पर्सा जिल्लामा ६२ प्रतिसत र सबैभन्दा कम महोत्तरीमा ९.४१ प्रतिशत मात्र रोपाइँ भएको छ। त्यस्तै रौतहटमा ४०, सर्लाहीमा ३०, सिरहामा २५, बारामा २१.७ र सप्तरीमा १० प्रतिशत मात्र रोपाइँ भएको उनले बताए।

चौधरीले भने, मधेश प्रदेशमा तीन लाख ७२ हजार ६४५ हेक्टर धान खेत छन्। समयमै पानी परेको भए अहिलेसम्म ५० प्रतिशत बढी रोपाइँ भइसक्नु पर्ने थियो। समग्रमा २५ प्रतिशत अर्थात त्रियान्नवे हजार १६१.२५ हेक्टरमा मात्र रोपाइँ भएको छ।

गौशाला १० भरतपुरखोरका किसान दिनेश महतोका अनुसार मनसुन आउने आसमा पम्प, बोरिङबाट रोपेको रोपो पनि पानी नपर्दा मर्ने अवस्थामा पुगेका छन्। कृषि ज्ञान केन्द्र महोत्तरीका प्रमुख देवानन्द रायले पानी नपर्दा नदीनालासमेत सुक्ने अवस्थामा पगेका छन्। नहर कुलोमा प्रयाप्त पानी बग्न छाडेको छ। भू-जल स्तर तल झरेको छ। बोरिङबाट पनि प्रयाप्त पानी नआउदा महोत्तरीमा धान रोपाइँले गति लिन नसकेको बताउए। उहाँले भन्नुभयो, धान खेतीको प्रमुख आधार नै मनसुन हो। मनुसुन अनुकूल नभएसम्म यो समस्या समाधानको अर्को विकल्प देखिएको छैन।

# आकुलव्याकुल मधेशमा खडेरी !



जनकपुर, २५ असार। मधेश प्रदेशमा पानी नपर्दा यसको प्रत्यक्ष मार किसानले भोगिरहेका छन् भने अत्यधिक गर्मीले सामान्य जनजीवनसमेत कष्टकर बनेको छ। मौसम पुर्वानुमान महाशाखाले मधेश बाहेकका अधिकांश प्रदेशहरूमा भारी वर्षाको सम्भावना रहेको उल्लेख गरे पनि मधेशमा लामो समयदेखि वर्षा नहुनुका कारण खडेरीको अवस्था सृजना भएको छ। उच्च तापक्रमका कारण जनजीवन प्रभावित भएको छ भने खेतीपातीमा पनि प्रतिकुल असर परेको छ। लामो समयदेखि वर्षा नहुँदा खेत सुख्खा रहेका छन्, जसले अन्नउत्पादनमा असर पार्ने चिन्ता बढाएको छ। त्यस्तै अत्यधिक गर्मीका कारण सार्वजनिक खानेपानीका धारा (कल) सुक्न थालेका छन्।

जसकाकारण पानीको हाहाकार समेत देखिन थालेको छ। स्थानीयवासीहरू उच्च तापक्रम र पानी अभावका कारण दैनिक जीवनमा कठिनाइ भोगिरहेका छन्। मधेश प्रदेशको विभिन्न जिल्लाहरूमा हाल भइरहेको अत्यधिक गर्मीका कारण जनजीवन मात्र होइन, खानेपानी आपूर्तिमा समेत गम्भीर संकट देखा परेको छ। विशेषगरी ग्रामीण क्षेत्रका चापाकलहरू सुक्न थालेका छन् भने शहरी क्षेत्रमा पानी वितरण प्रणालीमै समस्या देखिएको छ। चुरे क्षेत्रको अत्यधिक दोहन, वनविनाश, र भूमिगत जलस्रोतको अत्यधिक उपयोगका कारण पानीको सतह लगातार घट्दै गएको छ।

यसले गर्दा मधेशका बारा, पर्सा, महोत्तरी, रौतहट, सिरहा, धनुषा, सप्तरी लगायतका जिल्लाहरूमा पानीको अभाव चुलिएको छ। धेरैजसो गाउँघरमा मुख्य पानीको स्रोतको रूपमा रहेका चापाकलहरू अब ७०–८० फिट भन्दा तलको पानी समेत तान्न नसक्ने अवस्थामा पुगेका छन्। कतिपय स्थानमा चापाकलमा मोटर जडान नगरी पानी नआउने अवस्था आएको छ।

जनकपुरधाम, वीरगञ्ज, जलेश्वर, गौर, लहान, सिरहा बजार जस्ता शहरी क्षेत्रमा पनि पुरानाधारा तथा पाइपलाइन जीर्ण अवस्थामा छन्, जसका कारण नियमित आपूर्ति सम्भव भएको छैन। जनकपुरधाम उपमहानगरपालिका भित्र हाल ४० हजारभन्दा बढी घरधुरी छन्। तर, पानी संस्थाले जडान गरेका ४,६८५ धारामध्ये ५६% मात्रले नियमितपानीपाउने गरेको तथ्यांक छ। बाँकी घरधुरीले वैकल्पिक रूपमाचापाकलको भरमा रहेका छन्।

वीरगञ्ज महानगरपालिकाले खानेपानीको अभाव भइरहेका वडा नं. २, ४, १२, १६, १८ लगायतमा ट्यांकरमार्फत पानी वितरण शुरु गरिसकेको छ। प्रत्येक वडामा अस्थायी पानी ट्यांकी स्थापनागरिएको छ भने टोल–टोलमाधारा निर्माणको प्रयास भइरहेको जनाइएको छ। जनकपुरधाम, जलेश्वर, राजविराजनगरपालिकाले पानीको समस्या बिर्सेर असारे बजेट मिलाउनमा भिडेको देखिएको छ। स्थानीयतहहरूलाई अल्पकालीन राहत योजनाहरु ट्यांकरबाट पानीवितरण, नयाँचापाकल जडान, र वर्षा पानी संकलन प्रणाली अपनाउन आवश्यक रहेको बेला जनताको समस्यालाई बिर्सेर बजेट मिलाउनमा भिडेको देख्दादुखलाग्ने गरेको स्थानियको भनाइ छ। खानेपानी अभावको मूल जड चुरे क्षेत्रको दोहनमा रहेको जलस्रोत विज्ञहरू बताउँछन्।

वनविनाश, अवैज्ञानिक खानी उत्खनन र पानी पुनः भरण नभएका कारण भूमिगत जलको मात्रा घट्दै गएको हो। यसको प्रत्यक्ष असर मधेशका बस्तीहरूमा परेको छ, जहाँ ८० प्रतिशतभन्दा बढी जनता चापाकलमा निर्भर छन्। यताधान रोपाइँको समयमा आकाशे पानीको भरमा रहेको मधेश प्रदेशमा लामो समय देखि वर्षा नै नभएपछि हालसम्म २५ प्रतिसत मात्रै रोपाइँ हुन सकेको छ। कृषि मन्त्रालय मधेश प्रदेशका कृषि प्रसार अधिकृत अमरचन्द्र मण्डलका अनुसार अहिले सम्म मधेश भरिमा ७५ देखि ८० प्रतिशत रोपाइँ सम्पन्न हुनुपर्नेमा २५ प्रतिसत मात्रै सम्पन्न हुनु एकरुपले मधेशमा खडेरीको सम्भावना बढ्दै गएको रुपमा लिन सकिने बताए।

अहिले पनि चारपाँच दिन भित्र पर्याप्त वर्षा भए किसानले रोपाइँ सम्पन्न गर्न सक्ने सम्भावना छ। तर आकाशे पानीको भरमा रहेको मधेशको किसानले एक हप्ताभित्र वर्षाको पानी नपाए मधेशमा खडेरी पर्न सक्ने सम्भावना रहेको उनको भनाइ छ। उनले भने, अहिले नै मधेशको अवस्था बिग्रियो भनेर आँकलन नगरौ, वर्षा हुने सम्भावना छ, पानी परेपछि स्थितिमा सुधार आउछ। मधेशमा मंगलबारसम्मको रोपाइँ सम्पन्नको तथ्यांक हेर्ने हो भने सिरहा जिल्लामा धान रोपाइँ हुने कुल क्षेत्रफल ५४ हजार हेक्टर मध्ये १३ हजार ५ सय हेक्टरमा रोपाई सम्पन्न भएको छ, प्रतिशतमा हेर्ने हो भने २५ प्रतिशत रोपाइँ मात्र हुन सकेको छ। धनुषामा ४३ हजार ७ सय हेक्टर मध्ये ७ हजार ४ सय २ ९ अर्थात १७ प्रतिशत, बारामा ४६ हजार २० हेक्टर मध्ये १० हजार हेक्टरमा रोपाइँ सम्पन्न भएको अर्थात २१.७ प्रतिशत रोपाइँ भएको छ। त्यसैगरी पर्सामा ६१.९९ प्रतिशत रोपाइँ भएको छ, मधेश प्रदेशमा सबैभन्दा बढी रोपाइँ भएको जिल्लामा पर्सा नै रहेको छ।

पर्सामा ३९ हजार ७ सय ३१ धान रोपाइँ हुने क्षेत्रफलमध्ये २४ हजार ६ सय ३१ हेक्टरमा धान रोपाइँ भएको छ। रौतहट, सर्लाही, सप्तरी र महोत्तरीमा क्रमशः ४०,३०,१० र ९.४१ प्रतिशत रोपाइँ सम्पन्न भएको छ। यता लामो समय देखि वर्षा नभएको कारण खेतीपातीगर्नमा समस्या आइरहेको बेला व्यापक सिचाइँको व्यवस्था मिलाउन मधेश प्रदेशका उर्जा सिचाइँ तथा खानेपानी मन्त्रालयले नीति बनाउनु पर्नेमा असारको चटारोमा व्यस्त रहेको पाइएको छ। मन्त्रालयले मधेशमा हुन सक्ने खडेरीलाई मध्यनजर गर्दै किसानलाई सिचाइँको व्यवस्था प्रति बेवास्ता गरिएको छ।

स्थानीय श्यामसुन्दर शर्शीका अनुसार यसमा देवताको कुदृष्टि लागेको भनेर दुस्प्रचार नगर्न आग्रह गरे,उनले जलवायु परिवर्तनको प्रत्यक्षप्रभावमधेशमा परेको र यसकारण मधेशमागर्मीमा बढोत्तरीका साथै पानीको हाहाकार भएको छ,यसका लागि सरकारलाई दिर्घकालीन योजनाका साथै वृक्षारोपण, चुरे विनाशबाट रक्षानगर्न सम्मक्नै पनिहालतमामधेशलाई जलवायु परिवर्तनबाट बचाउन सकिदैन।

# फरक क्षमता भएकाको सवालमा काम गर्नुपर्छ'

धर्बेन्द्र झा

जनकपुर, २५ असार। मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले फरक क्षमता भएका व्यक्तिको जीविकोपार्जनमा देखिएका समस्या समाधानका लागि तीनै तहका सरकारले काम गर्नुपर्ने बताए। मधेश प्रदेशको राजधानी जनकपुरधाममा अस्ट्रेलियन एड तथा सी.वि.एम ग्लोवलको सहयोगमा लाइफ नेपालले बुधबार आयोजना गरेको अपाङ्गता, जलवायु परिवर्तन र जीविकोपार्जन सम्मेलन २०८२ को उद्घाटन गर्दै उनले यस्तो बताए।

उनले फरक क्षमता भएकाहरुको क्षमता पहिचान गरी सीपमूलक तालिम प्रदान गर्दा जीविकोपार्जनमा सहजता हुने भन्दै प्रदेश सरकारले समेत यस विषयमा गम्भीर भएर कामकाज अघि बढाएको बताए। उनले जलवायु परिवर्तनको असरबाट अपाङ्गता भएका व्यक्तिहरु समेत प्रभावित भएको भन्दै फरक क्षमता भएका व्यक्तिका लागि कुन–कुन ठाउँमा लगानी गर्ने हो भन्ने विषयमा एउटा रोडम्याप तयार हुनुपर्नेमा जोड दियो।

मुख्यमन्त्री सिंहले मधेश प्रदेशको शिक्षाको अवस्था कमजोर रहेको भन्ने विषय एसईईको परीक्षा नतिजाले प्रष्ट देखाएको भन्दै शिक्षा सुधारका लागि सुरुकै कक्षादेखि सुधार गर्नुपर्ने बताए। उनले अपाङ्गता भएका बालबालिकाका लागि छुट्टै विद्यालयको स्थापना हुनुपर्ने भन्दै त्यसका लागि पनि प्रदेश सरकारले छलफल अघि बढाएको बताए। मुख्यमन्त्री सिंहले पुरानो कृषि प्रणालीबाट समाज रुपान्तरण हुन नसक्ने भएकाले कृषिलाई आधुनिकीकरण गरी बैज्ञानिक प्रणालीबाट खेतीपाती गर्दा उत्पादनमा बढोत्तरी हुने भएकाले प्रदेश सरकार अब त्यसतर्फ ध्यान दिएको बताए।

उनले अपाङ्गता भएका व्यक्तिहरुको जीविकोपार्जनमा देखिएका चुनौतीहरु पहिचान गरी त्यसको समाधानतर्फ सबैले एकजुट भइ लाग्नुपर्ने बताए। कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज साहले यस प्रकारको सम्मेलनले अपाङ्गता भएकाहरुको अधिकार स्थापित गराउन सहयोग पुगेको भन्दै अपाङ्गता भएकाको अधिकारको कार्यान्वयनको सवालमा जनकपुरधाम उपमहानगरपालिका प्रतिबद्ध रहेको बताए। लाइफ नेपालका अध्यक्ष सुरैत ठाकुरको अध्यक्षतामा भएको सो कार्यक्रममा अपाङ्ग महासंघ मधेश प्रदेशका अध्यक्ष किरण पासवानसहितका बक्ताहरुले अपाङ्गता भएका व्यक्तिहरु अझै समाजमा अपहेलित हुनेगरेको र राज्यले दिएका अधिकार पाउन नसकेको बताएका थिए। सम्मेलनमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार कार्यान्वयनको विषयमा सहभागी भएकाहरुले सात बुन्दे घोषणापत्र समेत जारी गरेको लाइफ नेपालका कार्यक्रम संयोजक पूजा शर्माले जानकारी दिए।

# विपक्षी दलहरुको अवरोधका कारण मधेश प्रदेश सभाको बैठक चौथो दिन पनि स्थगित

जनकपुर, २५ असार। विपक्षी दलहरूको अवरोधले मधेश प्रदेश सभाको बैठक आज चौथोदिन पनि स्थगित भएको छ। विपक्षी दलहरू जनता समाजवादी पार्टी (जसपा) नेपाल, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नागरिक उन्मुक्ति पार्टी, संघीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपालको अवरोधपछि बैठक बिहीबार दिउँसो १ बजेसम्मका लागि स्थगित गरिएको हो। प्रदेशसभा बैठकको सुरुमै प्रमुख प्रतिपक्षी दल जसपा



नेपालका प्रमुख सचेतक रामअशिष यादवले बजेट वक्तव्यमा असमान र बिचौलियाको प्रवेश रहेकाले माग पूरा नभएसम्म सदन चल्न नदिने बताए।

सदनमा नियमित सत्ता पक्षका सांसदहरूको न्यून उपस्थितिले पनि बजेटप्रति उनीहरूको व्यापक असन्तुष्टि छ। असमान र बिचौलिया प्रवेश बजेटको बजेटको साक्षी विपक्षी दल बन्न सक्दैन। माग पूरा नभएसम्म हामी सदन चल्न दिन्नौं,” उनले भने। यसपछि सभामुख रामचन्द्र मण्डलले भोलि दिउँसो १ बजेसम्मका लागि बैठक स्थगित गरेका हुन्। बजेटमा रहेको व्याप्त असन्तुष्टिका कारण विपक्षी दलहरू बजेट पुनर्लेखनको माग गर्दै सदन अवरुद्ध गर्दै आएका छन्।

*जग्गा रजिस्ट्रेसन ...*

कार्यान्वयन हुन नसकी फिर्ता गइरहेको अस्पतालका प्रमुख एवं मेडिकल सुपरिन्टेन्डेट रञ्जितकुमार झाले बताए।

उनका अनुसार दाता परिवारले जग्गा रजिस्ट्रेसनका लागि लाग्ने करोडौँ रकम मिनाहा गरिदिन मधेश प्रदेश सरकारलाई आग्रह गरेकोमा मधेश प्रदेश सरकारले मन्त्रीपरिषद्बाट निर्णय गरेर सघीय सरकारको अर्थ मन्त्रालयमा पठाए पनि हालसम्म मिनाहा हुन सकेको छैन। त्यहाँबाट मिनाहा भएपछि मात्रै जग्गा रजिस्ट्रेसन हुने छ। मधेश प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री शत्रुधनप्रसाद सिंहले लहानस्थित प्रादेशिक अस्पतालको भौतिक पूर्वाधारलगायत अन्य सेवा सुचारु गर्न र स्तरोन्नतिका लागि जग्गा रजिस्ट्रेसन नभएपछि समस्या भएको बताए।

उनले भन्यो, "समस्या समाधानका लागि प्रदेश सरकारले राजस्व मिनाहा गर्न सघीय सरकारलाई सिफारिस गरिसकेको छ। त्यहाँ पहल हुन नसकेर रजिस्ट्रेसन प्रक्रिया अलपत्र परेको छ।" जग्गा रजिस्ट्रेसन गर्न दाता परिवार तयार रहेको भन्दै दाता परिवारका मुरारीलाल मुरारकाले चार करोड रुपियाँभन्दा बढीको राजस्व मिनाहाका लागि प्रदेश सरकारलाई आग्रह गर्दा पत्राचार अघि बढे पनि सघीय सरकारलाई घचघच्याउने गरी पहल नहुँदा दुई वर्षदेखि अलपत्र रहेको बताए।

सरकारमा रहेका दलका सघीय सांसदहरूले सकारात्मक पहल गरिदिए चाँडै रजिस्ट्रेसन पास हुने प्रतीक्षामा रहेको उहाँले सुनाए। उनले भन्यो, "एक बिघा १५ कट्ठा अर्बौं मूल्यको जग्गा दान गरेका छौं। सरकारले राजस्व मिनाहा गरिदिए हुन्थ्यो भन्ने हाम्रो माग छ।" जग्गा रजिस्ट्रेसनका लागि लहानका हरेक राजनीतिक दल, जनप्रतिनिधि, नागरिक समाजका अगुवा एकजुट भएर अगाडि बढ्नुपर्ने प्रदेश सभा सदस्य राजेन्द्रप्रसाद चौधरीले बताए।

# लहानमा अवैध क्लिनिकहरूमाथि कडाइ, कानुनी दायरामा ल्याउने



सिरहा, २५ असार। लहान क्षेत्रमा दर्ताबिना सञ्चालनमा रहेका स्वास्थ्य क्लिनिकप्रति गुनासो बढ्दै गएपछि इलाका प्रशासन कार्यालय लहानले नियमन अभियान सुरू गरेको छ। मङ्गलबारदेखि सुरू गरिएको अनुगमनमा लहान नगरपालिका स्वास्थ्य शाखा र घरेलु तथा साना उद्योग कार्यालयका प्रतिनिधि सहभागी थिए। अनुगमनका क्रममा लहान–३ स्थित हस्पिटल चोकमा रहेको विन्धवासिनी क्लिनिकले कुनै प्रकारको कानुनी प्रक्रिया पूरा नगरेको, बिना दर्ता क्लिनिक सञ्चालन गरेका पाइएपछि उक्त क्लिनिक मङ्गलबार नै सिल गरिएको छ।

इलाका प्रशासन कार्यालय लहानका अधिकृत सन्तोष रायले भने, "प्रथम दृष्टिमा नै क्लिनिक अवैध देखिएकाले जिल्ला प्रशासन कार्यालयको परामर्शमा ताला लगाएर सिल गरिएको हो। अब कानुनी प्रक्रिया अगाडि बढ्ने छ।" क्लिनिकका सञ्चालक डा धीरजकुमार साहले आफू सरकारी अस्पतालमा कार्यरत रहेको स्वीकार गरेका छन्। क्लिनिकको बोर्डमा पनि लहान अस्पतालमा कार्यरत भनेर उल्लेख गरिएको छ, जुन सरकारी कर्मचारी आचारसंहिता विपरीत हो। लहान नगरपालिका स्वास्थ्य शाखा प्रमुख विन्देश्वर चौधरीका अनुसार यो विषयमा छानबिन हुनेछ।

उनका अनुसार जनस्वास्थ्य सेवा नियमावली, २०७७ बमोजिम स्वास्थ्य क्लिनिकले डि र ई वर्गको प्रयोगशाला राख्नुपर्ने व्यवस्था रहेको छ। तर, यस क्लिनिकले कुनै प्रकारको प्रयोगशाला राखेको पाइएन। त्यसैले बिना परीक्षण बिरामीको शल्यक्रिया गर्दा जोखिम आउन सक्छ। त्यस्तै, अनुगमनको क्रममा हस्पिटल चोककै राधा कृष्ण डेन्टल क्लिनिक पनि सञ्चालनको लागि कुनै पनि इजाजतबिनै सञ्चालन गरेको पाइएको छ। त्यस्तै, दन्तसम्बन्धी बिडिएसः डक्टर हुनुपर्नेमा त्यो पनि नरहेको पाइएको हो। उक्त क्लिनिकलाई तीन दिनभित्र नगरपालिकामा आवश्यक कागजपत्र बुझाउन निर्देशन दिइएको नगरपालिका स्वास्थ्य शाखा प्रमुख चौधरीले जानकारी दिए।

यसैगरी, लहान—११ मा रहेको लीला मदन प्रसूति गृहले पनि सञ्चालनको लागि नगरपालिकाबाट अनुमति पत्र लिए पनि २०७७ सालदेखि नवीकरण नगरेको पाइएको छ। नगरपालिका स्वास्थ्य शाखा प्रमुख चौधरीका अनुसार, लहान नगरपालिकाभित्र जम्मा ४४ वटा क्लिनिक सञ्चालनमा रहे पनि आठ वटा क्लिनिकले मात्र इजाजत पत्र लिएर सञ्चालन गरेको छ भने अन्यले बिना अनुमति निर्वाध सञ्चालन गरेको पाइएको छ। दर्ता गरेका कुनै पनि क्लिनिकले नवीकरण गरेका छैनन्।

अनुगमनको क्रममा अधिकांश क्लिनिकले अस्पतालजन्य फोहरको उचित व्यवस्थापन नगरेको, प्रयोगशाला सुविधा नपुगेको, सङ्क्रमित फोहर खुला स्थानमा फालेको, प्रयोग गरिएका औजार सुरक्षित तरिकाले नष्ट नगरेको जस्ता गम्भीर त्रुटि पाइएको छ। यसले सङ्क्रमणको जोखिम थप बढाएको अनुगमन टोलीको निष्कर्ष छ। स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा लापरबाही गम्भीर विषय भएकाले अब यस्ता क्लिनिकमाथि थप निगरानी र कानुनी कारबाही अघि बढाइने इलाका प्रशासन कार्यालय लहानका प्रमुख गोकर्णराज सुयलले बताए। "जनताको जीवन र स्वास्थ्य हाम्रो पहिलो प्राथमिकता हो। नियम उल्लघन गर्ने जो कोहीलाई कानुनी दायरामा ल्याइनेछ", उनले भने।

# शिक्षक श्रेष्ठरुद्ध बाल यौन दुरुपयोग कसुरमा अनुसन्धान सुरु

सिरहा, २५ असार। सिराहाको गोलबजार नगरपालिका ८, चोहर्वास्थित जनता नमुना माविका शिक्षक ५३ वर्षीय हरि श्रेष्ठविरुद्ध बाल यौन दुरुपयोगसम्बन्धी कसुरमा मुद्दा चलाइएको छ। छात्रामाथि यौन दुर्व्यवहार गरेको विषयमा विद्यालय प्रशासन र प्रहरीले सुनुवाइ नगरेको भन्दै आफन्त र स्थानीय बासिन्दाले विद्यालयमा तोडफोड गरेपछि आरोपी शिक्षकविरुद्ध मुद्दा चलाइएको हो।

शिक्षक श्रेष्ठको गोलबजार ७ चोहर्वा घर हो। प्रावि प्रथम तहमा कार्यरत श्रेष्ठविरुद्ध बाल यौन दुरुपयोगसम्बन्धी कसुर मुद्दामा अनुसन्धानका लागि सिराहा जिल्ला अदालतबाट तीन दिनको लागि म्याद थपगरिएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार आरोपी श्रेष्ठलाई बिहीबार पुनः दोस्रो पटक म्याद लिएर अनुसन्धान छिटो सिध्याएपछि अदालतमा मुद्दा लगिनेछ।

बालिकामाथि आरोपी श्रेष्ठले गर्दै आएको यौन दुर्व्यवहारको घटनाबारे स्थानीय राजनीतिक नेतृत्वको दबाबमा विद्यालय र प्रहरीले बेवास्ता गरेको भन्दै सोमबार आक्रोशित आफन्त र स्थानीयले विद्यालको प्रशासनिक भवनको झ्याल ढोका तोडफोड गरेका थिए। विद्यालयमा तोडफोड भएपछि आरोपी शिक्षकलाई प्रहरीले नियन्त्रणमा लिई दुर्व्यवहारमा परेका पीडित चारजना बालिकालाई दुर्व्यवहारको जाँच, उपचार र मनोपरामर्शका लागि जिल्ला सदरमुकामस्थित एकद्वार संकट व्यवस्थापन केन्द्र ( ओसिएमसी) पठाएको थियो।

आरोपी शिक्षक श्रेष्ठ गाउँकै विद्यालयमा सरुवा भएर आउनुअघि पढाएका विद्यालयमा पनि यौन दुर्व्यवहारको घटनामा संलग्न रहेको थाहा पाएको नाम उल्लेख नगर्ने सर्तमा स्थानीय एक युवकले सुनाए। उनका अनुसार चोहर्वामा आएपछि पनि छात्राहरूमाथि गर्दै आएको दुर्व्यवहारको विषयमा विद्यालयका प्रधानाध्यापकसहित शिक्षकहरूलाई जानकारी गराएको भए पनि राजनीतिक दबाबमा बेवास्ता गरिएपछि पीडित छात्राका अभिभावकहरूसहित स्थानीयले विद्यालयमा तोडफोड उत्रिएका थिए।

# वीरगञ्जमा खानेपानीको संकट



वीरगञ्ज, २५ असार। वीरगञ्ज महानगरमा लामो समयदेखि जारी खानेपानी सङ्कटको दीर्घकालीन समाधानमा महानगरवासीले जोड दिएका छन्। खानेपानीको समस्या दीर्घकालीन रूपमा समाधान गर्नुभन्दा तत्कालीन रुपमा केही दिन ट्याङ्कर तथा दमकमबाट पानी वितरण गरेर नहुने उनीहरूको भनाइ छ। वीरगञ्ज महानगरले ट्याङ्कर र पर्साको सखुवाप्रसौनी गाउँपालिकाले दमकलबाट पानी ओसारेर आपूर्ति गर्न थालेपछि सर्वसाधारणले दिगो समाधानमा जोड दिएका हुन्।

वीरगञ्ज महानगरप्रमुख राजेशमान सिंह २०७९ सालको स्थानीय तहको निर्वाचनमा उम्मेदवार हुँदा पनि वीरगञ्जमा खानेपानीको समस्या समाधान गर्न लागिपर्ने घोषणा पनि गर्नुभएको थियो। उहाँको चुनावी सभामा पर्साका प्रतिनिधिसभाका सांसद तथा खानेपानीमन्त्री प्रदीप यादवले पनि खानेपानीको दीर्घकालीन समाधान गर्ने घोषणा गर्नुभएको थियो। उहाँ नगरप्रमुखमा निर्वाचित भएको तीन वर्ष बित्दा पनि समस्या यथावत छ।

वीरगञ्ज महानगर–१३ श्रीपुरका कैफुल मियाँ खानेपानीको सङ्कट समाधान गर्न महानगर अग्रसर नभएकामा खिन्न हुनुहुन्छ। "चापाकलमा एक थोपा पनि पानी आउँदैन यस्तै हो भने हाम्रो उठिबास हुनेछ।" यहाँस्थित नेपाल खानेपानी संस्थानका प्रमुख प्रवीणकुमार साहले महानगरको खानेपानी समस्या दीर्घकालीन रुपमा समाधान गर्नेतर्फ ध्यान दिन जरुरी भएको बताए। "यहाँको खानेपानी सङ्कट चापाकल वा बोरिङ गरेर हुँदैन", उहाँले भन्नुभयो, "ओभरहेड ट्याङ्की निर्माणदेखि पाइपलाइन विस्तारसम्मका काम गर्न आवश्यक छ। खानेपानीको लाइन भएकै ठाउँमा टोलटोलमा बोरिङ गरेर पानी वितरण पनि भइरहेको छ। एकीकृत रूपमा आपूर्ति व्यवस्थित हुनुपर्छ।"

महानगरप्रमुख सिंह मङ्गलबार साँझ वडा नं ११ अन्तर्गत विद्यापति नगर, श्रीपुर, रानीघाटलगायत प्रभावित टोलमा ट्याङ्कर लिएर पुग्यो। "नगरवासीलाई पानीको अभावमा राखिन्न, जहाँ समस्या छ, त्यहाँ समाधानको प्रयास गर्नेछौँ", उनले भने, "पानीको समस्या ३२ वटै वडामा रहेको र सबै वडामा समान रूपमा पानी पुर्याउने गरी संयन्त्र बनाएका छौँ।"

## *ससुराको हत्या ...*

म्याद लिएर अनुसन्धान भइरहेको छ। प्रहरीले घटनास्थलबाट प्रयोग गरिएको चक्कु र अभियुक्त चढेको प्रदेश ०२–००७प ९९३२ नम्बरको स्कुटर बरामद गरेको छ। मृतकका परिवारका अनुसार बेचनले पटकपटक पैसाको माग गर्दै आएका थिए। पैसाकै विषयलाई लिएर दुईबिच वादविवाद हुँदै आएको र यही विवाद हत्यासम्म पुगेको परिवारको भनाइ छ। मृतक वासुदेवले यसअघि नै ज्वाइँबाट आफूलाई खतरा रहेको भन्दै जिल्ला प्रहरी कार्यालयमा शान्ति सुरक्षा माग गर्दै निवेदन दिएका थिए। यस्तै, घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


नेपाल सरकार

भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## मालपोत कार्यालय, लहान (सिरहा)

**हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

उपरोक्त सम्बन्धमा हाम्रो स्व. बुवा/बाजे/ससुरा दल बहादुर मगरको नाममा तपसिलको जग्गाको सर्वे नाप नक्शा भई फिल्डबुक तयार भएको र जग्गा दर्ता गर्न सम्म छुट भएकोले निज दल बहादुर मगर र निजको एक मात्र पत्नि, जेठो छोरा, जेठी छोरा बुहारी, माहिलो छोरा, माहिलो छोरा बुहारी, जेठो छोरा तर्फको नाति समेतको मृत्यु तथा माहिलो छोरा तर्फको जेठो नाति र माहिलो नातिको मंजुरीनामा पश्चात हक अंश खाने नजिकको जिवित हकदार छोरा/नाति/बुहारीहरु हामी मात्र भएकाले सो छुट जग्गा दर्ता गरी हाम्रो नाममा ज. ध. दर्ता प्रमाणपुर्जा उपलब्ध गरी पाउन जि. सिरहा साविक गा. वि. स. मुक्सार वार्ड नं. ७ परिवर्तित न. पा. गोलबजार वार्ड नं. १ मा बस्ने स्व. दल बहादुर मगरको कान्छो छोरा चन्द्र बहादुर अछामे मगर १, माहिलो छोरा तर्फको नाति श्रवण कुमार अछामे–१, जेठो छोरा पट्टीको नातिनी बुहारी एज माया मगर १ र गन माया मगर १ समेत ४ जनाले यस कार्यालयमा छुट मि. नं. ७६ दर्ता मिति २०८२/०२/२७ मा निवेदन दर्ता गराएको हुँदा, उक्त जग्गा दर्ता सम्बन्धमा यी निवेदकहरु बाहेक अरु कोही हकदार भए वा यी निवेदकहरुको माग बमोजिम उक्त छुट जग्गा दर्ता गरी यी निवेदकहरुको नाममा ज. ध. दर्ता प्रमाणपुर्जा दिंदा कोही कसैको हक मेटिने भए वा कोही कसैको जोतभोग र स्वामित्वमा फरक असर पर्ने भए अथवा कुनै किसिमको सरकारी, सार्वजनिक, ऐलानी, पर्ति, वा अन्य व्यक्ति विशेषको जग्गालाई फरक असर पर्ने भए साथै निवेदकको माग बमोजिम जग्गा दर्ता गर्नु नपर्ने कुनै सार्थक कारण भए यो सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र स–प्रमाण यस कार्यालयमा हकदावी वा उजुर वाजुर गर्न आउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। म्याद भित्र हकदावी नगरेमा निवेदकको माग बमोजिम जग्गा दर्ता भईजानेछ। पछि कसैको उजुर वाजुर लाग्ने छैन।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | किसानको महल |
|---|---|---|---|---|---|
| सिरहा | मुक्सार | ६ | १३१ | ०–४–१३ | |


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)